सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली
नेपाल

## योजना तथा विकास पत्रिका (जर्नल) को पहिलो अङ्कका लागि लेख/रचना उपलब्ध गराउने सम्बन्धी सूचना!

प्रकाशित मितिः २०८० श्रावण २२

आर्थिक मामिला मन्त्रालय, सुदूरपश्चिम प्रदेश, कैलालीबाट प्रकाशन हुने योजना तथा विकास पत्रिका (जर्नल) को पहिलो अङ्क प्रकाशनका लागि सुदूरपश्चिम प्रदेशको सन्दर्भमा रहेर देहायमा उल्लिखित विषयक्षेत्र तथा ढाँचामा कम्तिमा २,५०० शब्ददेखि ५,००० शब्दसम्मको अनुसन्धानमूलक, तथ्यमूलक तथा विश्लेषणात्मक, मौलिक एवम् सिर्जनशील लेख रचना २०८० भाद्र ३१ गतेभित्र यस मन्त्रालयको कर्मचारी प्रशासन शाखा तथा सोको विद्युतीय प्रति moea@sudurpashchim.gov.np इमेल ठेगानामा उपलब्ध गराइदिनुहुन इच्छुक सबैमा अनुरोध गरिन्छ।

**लेख/रचनाका विषयक्षेत्र:**

- प्रादेशिक वित्त व्यवस्थापन, समष्टिगत आर्थिक स्थायित्व
- स्रोत विनियोजनः प्रवृत्ति, अभ्यास र समन्यायिकता
- योजना प्रणाली सुदृढीकरण, आवधिक योजनाको समीक्षा
- प्रदेशको आर्थिक वृद्धि तथा विकास
- वित्तीय संघीयताको प्रभाव विश्लेषण, अन्तर-सरकारी वित्तको उपयोग प्रभावकारिता
- क्षेत्रगत अनुदानको प्रभावकारिता (कृषि तथा सहकारी र अन्य)
- राजस्व विश्लेषण तथा सुधार (विद्यमान अवस्था, समस्या/चुनौती र सम्भावना)
- प्राकृतिक स्रोत (नदीजन्य पदार्थः ढंगा, गिट्टी, बालुवा, माटो) परिचालनः अवस्था, सम्भावना, विवाद र निरूपण
- वित्तीय क्षेत्र व्यवस्थापन, अनौपचारिक अर्थतन्त्र
- वैदेशिक रोजगार, बेरोजगारी र गरिबी
- मानव विकास, दीगो विकासको स्थानीयकरण
- पूर्वाधार विकास, विकास व्यवस्थापन
- डिजिटल अर्थतन्त्र, पर्यटन तथा ग्रामीण विकास
- वित्तीय सुशासन, वित्तीय जोखिम

**लेख/रचनाको ढाँचा**

**(क) विचारमूलक लेख/रचनाका लागि**

शीर्षक (Heading)- ३० शब्द
लेखसार (Abstract)- १५० शब्दसम्म
शब्दकुञ्जी (Keywords)- ५ शब्दसम्म
भूमिका वा विषयप्रवेश (Background)
विषयवस्तुको विश्लेषणात्मक प्रस्तुति (Analytical Presentation)
निष्कर्ष र सुझाव (Conclusion and Recommendation)
सन्दर्भ सामग्री (References)

शा.अ.
शाखा अधिकृत

सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली
नेपाल

(ख) अनुसन्धानमूलक तथा तथ्यमूलक लेख/रचनाका लागि

शीर्षक (Heading)- ३० शब्द

लेखसार (Abstract)- १५० शब्दसम्म

शब्दकुञ्जी (Keywords)- ५ शब्दसम्म

भूमिका वा विषयप्रवेश (Background)

अध्ययनको उद्देश्य (Objective of the Study)

साहित्यको पुनरावलोकन (Literature Review)

अध्ययन विधि (Methodology)

तथ्यांक प्रस्तुति र विश्लेषण (Data Presentation and Analysis)

प्राप्ति र विश्लेषण (Result and Discussion)

निष्कर्ष र सुझाव (Conclusion/Recommendation)

कृतज्ञता (Acknowledgement)

सन्दर्भ सामग्री (References)

थप मार्गदर्शनः

- लेखकको संक्षिप्त परिचय (नाम/थर, शैक्षिक उपाधि, प्रकाशित मुख्य लेख/अनुसन्धान तथा पुस्तक, कार्यरत/संलग्न निकाय र जिम्मेवारी), इमेल, मोबाइल नम्बर र एक प्रति पासपोर्ट साइजको फोटो लेखसँग संलग्न राखी उपलब्ध गराउनुपर्नेछ।
- सन्दर्भ सामग्रीहरू अनिवार्य रूपमा तत्काल प्रचलित एपीए ढाँचा (APA Style 7th Edition) मा उल्लेख गर्नुपर्नेछ।
- लेख/रचना नेपाली भाषामा भएमा कालीमाटी वा युनिकोड नेपाली (Font Size 11) र अङ्ग्रेजी भाषामा भएमा Times New Roman फन्ट (Font size 12) मा टाइप भएको हुनुपर्नेछ।
- लेख/रचनामा प्रस्तुत गरिएका चित्र, ग्राफ, चार्ट, टेबल तथा तालिका, आदि सम्पादन गर्न सकिने खालका (Editable) हुनुपर्नेछ।
- तोकिएको ढाँचामा नभएका, अन्यत्र प्रकाशन भएका, अन्य लेखकको लेख वा प्रकाशित कृतिबाट हुबहु नक्कल गरिएका लेख रचनाहरू प्रकाशन गरिनेछैन।
- अनुसन्धान कार्य कुनै संस्था वा व्यक्तिको कुनै प्रकारको आर्थिक, प्राविधिक वा अन्य कुनै सहयोगबाट गरेको भएमा त्यस्तो सहयोगकर्ता वा दातालाई लेखको अन्त्यमा कृतज्ञता ज्ञापन गरेको हुनुपर्नेछ।
- लेख/रचनामा भाषिक तथा व्याकरणीय शुद्धता कायम गरेको हुनुपर्नेछ।
- यस पत्रिकाको लागि पठाइएका लेख रचना यो अङ्क प्रकाशन नहुँदासम्म अन्यत्र प्रकाशनका लागि दिन पाइनेछैन।
- प्राप्त लेख रचना प्रकाशन गर्ने नगर्नेसम्बन्धी अधिकार सम्पादक मण्डलमा रहनेछ। अस्वीकृत लेख रचना फिर्ता गरिनेछैन।
- प्रकाशित लेख रचनाका लागि नियमानुसार पारिश्रमिक उपलब्ध गराइनेछ।

शा.अ.
शाखा अधिकृत